मा० मन्त्रीस्तरबाट स्वीकृत मिति :-२०८०।१२।०५

# व्यावसायिक कीट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**प्रस्तावनाः** व्यावसायिक कीट विकास केन्द्र र यस केन्द्र मातहतका फार्म केन्द्रहरुले आ.व. २०८०/८१ मा सञ्चालन गर्ने व्यावसायिक कीट विकास कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले नेपाल सरकार विनियोजन ऐन, २०८० को दफा ९ को उप-दफा (२) बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"व्यावसायिक कीट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"व्यावसायिक कीट विकास कार्यक्रम"** भन्नाले मौरीपालन, च्याउ खेती र रेशम कीरापालनसँग सम्बन्धित कार्यक्रमहरु सम्झनु पर्दछ ।

(ख) **"मौरीपालन व्यावसाय"** भन्नाले मह, मौरीजन्य उपजहरुको उत्पादन, मौरीपालन र मह प्रशोधनमा प्रयोग हुने औजार उपकरणहरुको निर्माण र विक्री वितरण, मह र मौरीजन्य बस्तुहरुको प्रशोधन, गुणस्तर मापन, प्रमाणिकरण र विदेश निकासी गर्नेसम्मका गतिविधि सम्झनु पर्दछ।

(ग) **"रेशम कीरापालन"** भन्नाले रेशम वीज उत्पादन, भण्डारण, वितरण, चौकी कीरापालन, ठूला कीरापालन, वीज कोया उत्पादन, कोया उत्पादन, कोया टिप्ने, सुकाउने, तथा विक्री वितरण गर्ने सम्मको क्रियाकलाप सम्झनु पर्छ ।

(घ) **"मूल्य शृङ्खलामा आधारित नमूना रेशम विकास कार्यक्रम"** भन्नाले रेशम खेती विकासका लागि किम्बु बगैचा स्थापना, व्यवस्थापन, रेशम कीरापालन, कोकुन बजारीकरण, रेशम धागो प्रशोधन, रेशम कपडा उत्पादन तथा किम्बु तथा कोकुनको उप-उत्पादन विकास तथा प्रवर्द्धनमा संलग्न कृषक, उद्यमी वा व्यावसायीलाई लक्षित गरी सञ्चालित कार्यक्रम सम्झनु पर्दछ।

(ङ) **"मह मार्ट"** भन्नाले नेपालमा उत्पादित मह र मौरीजन्य उत्पादनहरुको विक्री वितरण गरिने स्थान सम्झनु पर्दछ ।

(च) **"असल मौरीपालन अभ्यास"** भन्नाले नेपाल सरकारबाट स्वीकृत नेपाल असल मौरीपालन अभ्यास कार्यान्वयन निर्देशिका २०७४ बमोजिमका क्रियाकलापहरुलाई सम्झनु पर्दछ ।

(छ) **"गुणस्तरीय मह"** भन्नाले नेपाल सरकारले तोकेको न्यूनतम अनिवार्य गुणस्तर भएको खाद्य गुणस्तर मापदण्ड बमोजिमको मह सम्झनु पर्दछ ।

(ज) **"च्याउ उत्पादन"** भन्नाले ताजा च्याउ उत्पादन, प्रशोधन तथा विक्री वितरण सम्बन्धी काम गर्ने र च्याउको बीउ उत्पादन तथा विक्री वितरण गर्ने कार्य सम्झनु पर्दछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(झ) "परामर्श प्रणाली" भन्नाले मौरीको उपयुक्त चरन स्रोत र भारवहन क्षमता, मौरी गोला व्यवस्थापन, बजारीकरण लगायत मूल्य शृङ्खला अन्तर्गत पर्ने आवश्यक जानकारीहरु प्रवाह गर्ने विद्युतीय परामर्श सम्बन्धी जानकारी दिने विद्युतीय परामर्श प्रणाली सम्झनु पर्दछ ।

(ञ) "किसान संघ" भन्नाले च्याउ उत्पादक किसान संघ नेपाललाई सम्झनु पर्दछ ।

(ट) "सहकारी संघ" भन्नाले नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लि. लाई सम्झनु पर्दछ ।

(ठ) "महासंघ" भन्नाले नेपाल मौरीपालक महासंघलाई सम्झनु पर्दछ ।

(ड) "केन्द्र" भन्नाले व्यावसायिक कीट विकास केन्द्र र मातहतका केन्द्रलाई सम्झनु पर्दछ ।

(ढ) "विभाग" भन्नाले कृषि विभागलाई सम्झनु पर्दछ।

(ण) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्दछ ।

(त) "वार्षिक स्वीकृत कार्यक्रम" भन्नाले व्यावसायिक कीट विकास केन्द्र र मातहतका केन्द्रको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमलाई सम्झनु पर्दछ ।

(थ) "अनुदानग्राही" भन्नाले यस कार्यक्रम सञ्चालन प्रकृया बमोजिम सञ्चालित कार्यक्रमबाट अनुदान प्राप्त गर्ने ब्यक्ती, समूह, सहकारी संघ/संस्था वा कम्पनी सम्झनु पर्दछ ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य व्यावसायिक कीट विकास केन्द्र र मातहतका कार्यालयहरुको आ.व. २०८०/८१ मा स्वीकृत वार्षिक कार्यक्रमहरुको व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन गर्ने रहेको छ ।

## परिच्छेद -२
## व्यवस्थापकीय पक्ष

४. अनुदान उपलब्ध गराउन सक्ने

यस केन्द्र र अन्तर्गतका निकायहरु मार्फत आ.व. २०८०/८१ मा वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सञ्चालन हुने परिच्छेद-३ मा उल्लिखित कार्यक्रमहरुको उद्देश्य, प्रमुख क्रियाकलापहरु, न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि, सीमान्त कृषक सम्वन्धी कार्यक्रम तथा आवश्यकता अनुसार व्यवसाय प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न र अनुदान उपलब्ध गराउन सक्ने छ ।

५. अनुदान रकमको सीमा र प्रतिशत

यस केन्द्र र अन्तर्गतका निकायहरुले आ.व. २०८०/८१ मा वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सञ्चालन गर्ने व्यावसायिक कीट विकास कार्यक्रमहरुको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछः

(क) सार्वजनिक निकायबाट सञ्चालनन गरिने कृषि पूर्वाधार निर्माण (सार्वजनिक कृषि पूर्वाधार) को हकमा अधिकतम १००% हुने छ ।

(ख) कृषक समूह वा कृषि सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु वा कृषि उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पूर्वाधारहरु (सामुदायिक कृषि पूर्वाधार) को हकमा अधिकतम ८५% हुने छ ।

सचिव

(ग) निजी एवं व्यावसायिक प्रयोजनका कृषि पूर्वाधारहरु ( निजी कृषि पूर्वाधार) को हकमा अधिकतम ५०% हुने छ ।

(घ) प्रविधि प्रसार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १००% हुने छ ।

(ङ) दफा ५ को (क), (ख), (ग) मा उल्लेख भएको अनुदानको सीमाभित्र रही सोमा अधिकतम लागत व्यहोर्ने गरी पेश भएका प्रस्तावलाई प्राथमिकता दिनुपर्ने छ ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रक्रिया, गरिने क्रियाकलाप र यसका प्रासङ्गिक विषय
## मौरीसँग सम्बन्धित कार्यक्रम

**६. कार्यक्रमको नामः नेपाल मौरीपालक महासंघ र नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लि.लाई मह मेला आयोजना सहयोग।**

१. **परिचयः** नेपालमा मौरीपालन तथा मह व्यवसायको प्रचुर मात्रामा अवसरहरु हुँदाहुँदै पनि नेपालमा उत्पादित महले उपयुक्त बजार पाउन सकेको छैन । यस्तै अवस्था रहिरहेमा मह किसान मौरीपालन व्यावसायबाट पलायन हुने अवस्था आउने देखिन्छ । त्यस कारण नेपालमा उत्पादित महको उपभोग बढाउन आमसमुदायमा महको बारेमा जानकारी गराउन र सचेतना अभिवृद्धि गर्न जरुरी छ । मौरीपालन व्यवसाय प्रवर्द्धन गर्न साथै मह र मौरीजन्य उत्पादनहरुको उपभोगबाट हुने बहुआयामिक फाइदाहरु बारे आम उपभोक्तामा प्रचार प्रसार गर्दै मह तथा अन्य मौरीजन्य उत्पादनको महत्व बारे जानकारी गराउन र यसको बजार प्रवर्द्धन गर्नका लागि राष्ट्रिय मह मेला सञ्चालन कार्यविधि तयार गरिएको छ ।

२. उद्देश्यः

२.१ कृषक, व्यवसायी तथा उद्यमीहरुलाई आफुले उत्पादन गरेको मह तथा मौरीजन्य उत्पादनहरुको स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न सहयोग गर्ने।

२.२ मह तथा मौरीजन्य उत्पादनहरुको उपयोगिता र फाइदाहरु सम्बन्धी सूचना प्रवाह गरी अन्तर्राष्ट्रिय र आन्तरिक बजार विस्तारमा योगदान पुर्याउने।

२.३ मौरीपालन सम्बन्धी व्यवसायिक, वैज्ञानिक एवं नवीनतम प्रविधि तथा सूचनाहरुको आदान-प्रदान गर्न योगदान पुर्याउने ।

२.४ मौरी मूल्य शृङ्खलामा आवद्ध कृषक, व्यवसायी, सेवा प्रदायक तथा उपभोक्ता लगायत सबै सरोकारवालाहरु बिच व्यवसायिक सम्बन्ध एवं सहकार्य स्थापना गर्न सहयोग पुर्याउने।

३. लक्षित समूह

यस मेलाको आयोजना महासंघ र सहकारी संघले संयुक्त रुपमा गर्नेछन् । मेला आयोजनाको लागि प्रवाह गर्ने अनुदान सहयोग महासंघलाई उपलव्ध गराइनेछ । यस कार्यबाट सिर्जित लाभ मौरीपालन तथा मह व्यवसायमा संलग्न कृषक, व्यवसायी, उद्यमी तथा अन्य सरोकारवालाहरु, राष्ट्रिय, क्षेत्रीय

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

तथा स्थानीयस्तरका संघ/संस्थाहरु, सरकारी तथा गैह्र सरकारी निकायहरु, मह तथा मौरीजन्य उत्पादन उपभोग गर्ने उपभोक्ताहरुले प्राप्त गर्ने छन् ।

४. प्रमुख क्रियाकलापहरु

४.१ नेपालमा उत्पादित विभिन्न प्रकारका मह तथा मौरीजन्य उत्पादनको प्रदर्शन र विक्रि वितरण।

४.२ मौरीपालनसँग सम्बन्धित सरोकारवालाहरु बीच अन्तरक्रिया गोष्ठी सञ्चालन ।

४.३ भीर मौरी, कठौरी मौरी लगायत स्थानीय र रैथाने मौरीहरुको मह प्रदर्शनी तथा बिक्री वितरण ।

४.४ मौरीपालन सम्बन्धी प्रविधिहरुको प्रदर्शन ।

४.५ उत्कृष्ट स्टलहरुको मूल्याङ्कन तथा पुरस्कार वितरण ।

५. अपेक्षित उपलब्धी

५.१ स्वदेशी मह तथा मौरीजन्य उत्पादन व्यावसाय सम्बन्धी राष्ट्रियस्तरमा जनचेतना विस्तार हुने ।

५.२ मौरीपालक कृषकहरुसँग भण्डारणमा रहेको महको विक्री वितरण हुने ।

५.३ मौरीपालनसँग सम्बन्धित कृषक, सरोकारवाला र संघ-संस्थाबिच सहकार्य तथा समन्वय बढ्ने ।

५.४ मौरी सम्बन्धी अनुसन्धानबाट आएका नँया तथ्य तथा प्राविधिक ज्ञान तथा प्रविधि प्रसार हुने ।

५.५ मह तथा मौरीजन्य उत्पादनसँग सम्बधित उत्पादन सामग्रीको विक्री प्रवर्द्धन हुने।

५.६ नेपालमा पाइने स्थानीय तथा रैथाने मौरीहरुको संरक्षणमा जनचेतना वृद्धि हुने ।

६. मेला सञ्चालन विधि

**क. कार्यक्रम सञ्चालन हुने स्थानः**

राष्ट्रिय मह मेला सञ्चालन को लागि महासंघ र सहकारी संघको समन्वयमा काठमाडौं उपत्यकाभित्र प्राविधिक, आर्थिक र भौगोलिक दृष्टिकोणले उपयुक्त स्थान छनौट गर्नुपर्ने छ ।

**ख. मेला सञ्चालनको लागि अनुदान प्रवाहको विधिः**

- राष्ट्रिय मह मेला सञ्चालन सहयोगका लागि प्रचलित खरिद ऐन बमोजिम व्यावसायिक कीट विकास केन्द्र, सहकारी संघ र महासंघबिच त्रिपक्षीय सम्झौता गरिनेछ र महासंघको नाममा आर्थिक कारोबार गरिने छ।
- व्यावसायिक कीट विकास केन्द्रवाट प्रदान गरिने अनुदान स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रदान गरिनेछ र उक्त अनुदान रकमको बिभिन्न शीर्षकमा देहाय बमोजिमको सीमा रहनेछ र उक्त सीमाभन्दा बढी लाग्ने खर्च नेपाल मौरीपालक महासंघ र नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लि.को स्रोत मार्फत व्यवस्थापन गर्नुपर्ने छ ।

| खर्च हुने शीर्षक | इकाई | खर्च सीमा बढीमा (रु.) |
|---|---|---|
| स्टल निर्माण/भाडा | एकमुष्ठ | ५०,०००।० |
| मेला सञ्चालन गर्ने स्थान भाडा | एकमुष्ठ | ५०,०००।० |
| प्रचार प्रसार | एकमुष्ठ | ५०,०००।० |
| गोष्ठी, सेमिनार, सांस्कृतिक कार्यक्रम | एकमुष्ठ | ५०,०००।० |

डा. गोविन्द प्रसाद शर्मा
सचिव

| | | |
|---|---|---|
| प्रमाण-पत्र, पुरस्कार | एकमुष्ठ | ५०,०००।० |
| स्वागत गेट र मञ्च निर्माण | एकमुष्ठ | ५०,०००।० |
| स्वयंसेवक परिचालन (खाजा/खाना) | एकमुष्ठ | ५०,०००।० |
| साउण्ड सिस्टम (जेनेरेटर सहित) | एकमुष्ठ | ५०,०००।० |

- आवश्यकता अनुसार मेला आयोजकले अन्य सरकारी/गैह्रसरकारी निकाय, संघ-संस्था आदिबाट सहयोग प्राप्त गर्न सक्नेछ तर एउटा शिर्षकमा लागेको लागत भन्दा बढी हुने गरी कुनै पनि निकायबाट सहयोग लिन पाइने छैन।

**ग. मेला व्यवस्थापन**

- राष्ट्रिय मह मेला महासंघ, सहकारी संघ र व्यावसायिक कीट विकास केन्द्रको संयुक्त आयोजनामा हुने छ ।
- राष्ट्रिय मह मेला आयोजनाको लागि सह-आयोजक र प्रायोजकहरु सहमतिमा निर्धारण गरिनेछ ।
- सम्बन्धित संस्थाले मेला आयोजनाको लागि आवश्यकता अनुसारको मेला आयोजक समिति/उपसमिति गठन गर्नसक्ने छ ।
- स्टलमा सहभागी हुने कृषक तथा व्यवसायीको छनौट पारदर्शी हुनुपर्नेछ जसमा विभिन्न जातको मौरी, विभिन्न स्रोतको मह, सानादेखि व्यवसायिक कृषक, मूल्य शृङ्खलाका सरोकारवालाहरु तथा अन्य सहभागीको छनौट सूचना प्रकाशन गरी निष्पक्ष ढंगमा गर्नुपर्ने छ ।

**घ. मेला सञ्चालनमा नेपाल मौरीपालक महासंघ र नेपाल मौरीपालन केन्द्रीय सहकारी संघ लि.को भूमिका**

- स्टलमा राखिने कृषक, व्यावसायी तथा उद्यमी छनौट ।
- कृषकहरुको आतेजाते, सामान ढुवानी तथा सहभागीको अन्य व्यवस्थापन ।
- मेला स्थल तथा स्टल सुरक्षा व्यवस्थापन ।
- गोष्ठी सञ्चालन तथा व्यवस्थापन ।
- मञ्च सजावट, सरसफाई तथा अन्य विविध क्रियाकलाप व्यवस्थापन ।
- अतिथि व्यवस्थापन ।
- सांस्कृतिक कार्यक्रम सञ्चालन ।

**७. न्युनतम शर्त/मापदण्ड**

७.१ आयोजकले व्यावसायिक कीट विकास केन्द्रसँग सम्झौता हुनु अघि कार्यक्रममा हुने अनुमानित खर्च सहितको मेला आयोजना प्रस्ताव यस केन्द्रमा पेश गर्नुपर्ने छ ।

७.२ मेला आयोजकले मौरीपालक कृषकहरुलाई स्टल निशुल्क उपलब्ध गराउनु पर्नेछ र स्टलमा प्रदर्शन गर्ने व्यवसायी/कृषकहरुको मेला आयोजना स्थानसम्मको आतेजाते खर्च र सामान ढुवानी खर्चको व्यवस्थापन समेत महासंघ र सहकारी संघले गर्नुपर्ने छ ।

७.३ मेलामा राखिएका स्टलहरु मध्ये विभिन्न विधामा उत्कृष्ट स्टल वा प्रदर्शन छनौटका लागि व्यावसायिक कीट विकास केन्द्रका प्रतिनिधि सहितको मुल्यांकन उपसमिति गठन गर्नुपर्नेछ र उक्त स्टललाई पुरस्कृत गर्नुपर्ने छ ।

सचिव

७.४ व्यावसायिक कीट विकास केन्द्रले सम्झौताका शर्त बमोजिम मेला/महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्ने छ ।

७.५ यस कार्यक्रमबाट प्रवाह भएको अनुदान सहयोग रकम नेपाल सरकारको प्रचलित कानून बमोजिम खर्च गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भइसके पश्चात अनुदान तर्फको शिर्षकमा खर्च भएको रकमको सक्कल बिल, भरपाई सहितको खर्च विवरण पेश भएपछि मात्र प्रचलित कानुन बमोजिम महासंघ र सहकारी संघको सिफारिसमा नेपाल मौरीपालक महासंघको नाममा भुक्तानी हुने छ ।

७.६ मेला आयोजकले कार्यक्रम पूर्णरुपले सम्पन्न भइसकेपछि कार्यक्रम सम्पन्न प्रतिवेदन व्यावसायिक कीट विकास केन्द्रमा पेश गर्नुपर्ने छ ।

## ७. कार्यक्रमको नामः मौरीपालक कृषकहरुलाई मौरी चरन र प्राविधिक सेवा सम्बन्धी परामर्श प्रणाली (Advisory System) सञ्चालन

### १. परिचय

आय आर्जन, जैविक विविधता तथा पर्यावरणीय संरक्षणका हिसावले अति नै महत्वपूर्ण ठानिने मौरीले आफ्नो जीवन निर्वाह (मौरीका वर्ग: रानु, भाले र कर्मी हुर्काउन) गर्न तथा मौरीजन्य उपजहरुको उत्पादनका लागि खेती गरिएका वा जंगली स्रोतका फलफूल, वालीनाली, वनस्पति र जडिबुटीहरुबाट दैनिक आहाराको रुपमा आवश्यक पर्ने पुष्परस, कुट र चोप आफैले सङ्कलन गर्दछ । आधुनिक मौरीपालनका सन्दर्भमा, मौरीखर्क स्थापना, चरन नक्साङ्कन र चरन क्षमताको आँकलन गरी चरनका लागि गोला स्थानान्तरण गर्नु महत्वपूर्ण कार्य हो । तर नेपालका मौरीपालक व्यवसायीहरुका बीच सूचनाको पहुँच नभएर मौरी चरनस्रोतका लागि हुने अस्वस्थ प्रतिस्पर्धाका कारण चरन क्षमता अनुरुप मौरी गोला स्थानान्तरण गरिएको पाँइदैन । सफल मौरीपालन व्यवसायका लागि प्रतिकुल मौसम ज्यादै नै जोखिमपूर्ण हुने र यसका कारण गोलामा खानाको अभाव, प्राकृतिक शत्रु तथा रोगको आक्रमण, लुट लँडाई, गृहत्याग जस्ता क्रियाकलापहरूबाट मौरी गोला कमजोर भइ गोलामा क्षति पुग्ने हुन्छ । मौरीपालन सम्बन्धी बिज्ञ सेवा प्रवाह गर्न र परामर्श प्रदान गर्न संभावित कार्यालय बाग्मती प्रदेश वाहेक देशका अन्य प्रदेशमा नभएको र दुरदराजका मौरीपालकहरु सेवावाट वञ्चित भएको परिप्रेक्ष्यमा मौरीपालकहरुलाई उपलब्ध चरन स्रोत र यसको भारवहन क्षमता अनुरुप यसको उच्चतम उपभोग गर्न साथै नियमित मौरी गोला व्यवस्थापनको लागि आवश्यक प्राविधिक परामर्श तथा बजारीकरण सम्बन्धी सहजीकरण लगायत मूल्य श्रृङ्खलाका विविध पक्षका सम्बन्धमा विभिन्न माध्यम (Channel) मार्फत जानकारी दिने उद्देश्यले मौरीपालक कृषकहरुलाई मौरी चरन र प्राविधिक सेवा सम्बन्धी विद्युतीय परामर्श प्रणाली (Advisory System) सञ्चालन कार्यक्रम आ.व. २०८०/०८१ मा प्रस्तावित गरिएको छ ।

### २. दीर्घकालीन सोचः

मौरीपालनको क्षेत्रमा रहेका व्यवसायिक कृषकहरुलाई विद्युतीय परामर्श प्रणाली (Advisory System) मार्फत मौरी चरनको उपलब्धता, प्राविधिक ज्ञान, मह तथा मौरीजन्य उपजहरुको राष्ट्रिय गुणस्तर मापदण्ड, बजार लगायत मूल्य श्रृङ्खलाका अवयव सम्बन्धी जानकारी उपलब्ध गराई उत्पादक, उपभोक्ता तथा प्राविधिकलाई एकै ठाउँमा जोड्दै आवश्यक सहजिकरण मार्फत मौरीजन्य उपजको उत्पादकत्व वृद्धि गर्ने र आयस्तरमा सुधार ल्याउने ।

३. उद्देश्यः

३.१ मौरीपालन क्षेत्रको तथ्याङ्क (मौरी व्यवसायी, मौरी स्रोत केन्द्र, मौरी गोला, चरन स्रोत, मह र मौरीजन्य उपज आदि) सङ्कलन तथा अद्यावधिक गर्ने ।

३.२ मौरीपालन व्यवसाय सम्बन्धी प्राविधिक र व्यवस्थापकीय सूचना तथा जानकारीहरु व्यवस्थित ढंगले व्यवस्थापन गर्ने ।

३.३ विद्युतीय परामर्श प्रणाली सञ्चालनबाट नेपालका मौरीपालक व्यवसायीहरुलाई मौरी सम्बन्धी अनलाइन र अफलाइन प्राविधिक परामर्श प्रदान गर्ने ।

४. लक्षित समूह :

नेपालभित्र रहेका मौरीपालन व्यवसायमा आवद्ध कृषक/फर्म/कृषक समूह/कृषि सहकारी लगायत मह र मौरीजन्य उपजका मूल्य शृङ्खलामा आवद्ध पात्रहरु ।

५. प्रमुख क्रियाकलाप

५.१ तथ्याङ्क सङ्कलनः

मौरी विकास केन्द्र गोदावरी ललितपुरबाट देहाय बमोजिम तथ्याङ्क सङ्कलन गरिनेछ र यी तथ्याङ्कको आवश्यकता अनुसार नियमित अद्यावधिक गरिने छ ।

५.१.१ प्रारम्भिक (Primary) तथ्याङ्क सङ्कलनः मौरीपालक कृषकहरु, मह व्यवसाय, घार उद्योग, मौरी स्रोत केन्द्र, चरन क्षेत्रको उपलब्धता तथा भारवहन क्षमता, मूल्य शृङ्खलाका अवयवभित्र पर्ने जानकारीहरु आदि सम्बन्धी तथ्यांक ।

५.१.२ सहायक (Secondary) तथ्याङ्क सङ्कलनः विभिन्न सरकारी तथा गैहसरकारी निकायबाट प्रकाशित तथ्यांकहरु, अन्तर्राष्ट्रिय अभ्यासहरु ।

५.२ विद्युतीय परामर्श व्यवस्थापन प्रणालीको विकास तथा सञ्चालन

मौरी विकास केन्द्र, गोदावरी, ललितपुरबाट आवश्यक सुरक्षाका उपाय सहित विद्यमान अवस्थामा चालु रहेको वेवसाइटमा विद्युतीय परामर्श प्रणालीको विकास गरी तथ्याङ्क प्रविष्ट गरिनेछ ।

५.३ तथ्याङ्कको विश्लेषण र सूचना उत्पादन

मौरी विकास केन्द्र, गोदावरी, ललितपुरबाट आवश्यकता अनुसार बाह्य विज्ञको सहयोग लिइ प्राप्त तथ्याङ्कको विश्लेषण गरी सूचना उत्पादन गरिने छ । आन्तरिक जनशक्तिको क्षमताले सम्पन्न गर्न सक्ने कार्यको लागि बाह्य विज्ञ सेवा लिइने छैन ।

५.४ सूचना प्रवाह

मौरी विकास केन्द्र, गोदावरी, ललितपुरबाट विद्युतीय परामर्श प्रणाली मार्फत स्वःचालित रुपमा सूचना प्रवाह गरिनेछ । यसको प्रभावकारिता सुनिश्चित गर्न अन्य माध्यमहरु जस्तैः SMS तथा विभिन्न संचार माध्यम (रेडियो, टेलिभिजन/पत्रपत्रिका) मार्फत आवश्यक सूचना प्रवाह गरिने छ ।

५.५ कृषक समस्या/गुनासो प्राप्ति र यसको प्राविधिक सहजीकरण/व्यवस्थापन

मौरी विकास केन्द्र, गोदावरी, ललितपुरबाट विद्युतीय परामर्श व्यवस्थापन प्रणाली मार्फत गुनासो तथा समस्या प्राप्त गर्ने र समाधानार्थ सहजीकरण व्यवस्था गरिने छ ।

६. सञ्चालन प्रक्रिया

मौरी विकास केन्द्रले विद्यमान अवस्थामा चालु रहेको वेवसाइटलाई नै अध्यावधिक गरी सोही वेवसाइटमा विद्युतीय परामर्श प्रणालीको स्थापना र व्यवस्थापन गर्नेछ । मौरी विकास केन्द्रले प्राथमिक र द्वितीय

सचिव

तहका सूचना एवं जानकारी सङ्कलनका लागि आवश्यकता अनुसार अन्तरक्रिया, छलफल, भ्रमण वा सर्भे गर्ने छ ।

६.१ तथ्याङ्क सङ्कलन कार्यका लागि मौरी विकास केन्द्र गोदावरी, ललितपुरले आफ्नो जनशक्तिको क्षमताले नभ्याउने अवस्थामा नेपालमा रहेका मौरीसँग आबद्व संघ/संस्थाहरुका जनशक्तिलाई नेपाल सरकारको स्वीकृत दै.भ्र.भत्ता सुविधा दिइ परिचालन गर्न सक्नेछ । तथ्याङ्कको विश्लेषण र सूचना उत्पादन, सूचना प्रवाह, कृषकका समस्या/गुनासो प्राप्ति र यसको प्राविधिक व्यवस्थापनका लागि केन्द्रको जनशक्तिले नसक्ने अवस्थामा आवश्यकता अनुसार बाह्य बिज्ञहरुलाई समेत छोटो अवधिका लागि सेवा करारमा लिइ कार्य सञ्चालन गर्न सकिने छ ।

६.२ विद्युतीय परामर्श व्यवस्थापन प्रणाली निर्माण तथा सञ्चालनका लागि मौरी विकास केन्द्र, गोदावरीबाट कृषि सम्बन्धी कार्य अनुभव भएको सूचना प्रविधि विज्ञ तथा वर्गलाई वार्षिक स्वीकृत कार्यक्रम बजेट अनुसार न्यूनतम लागत अनुमानको परिधिमा रही प्रचलित कानून अनुसार सेवा खरिद गर्न सकिनेछ । यस प्रणालीबाट प्रवाह हुने जानकारी/सूचना देहाय अनुसार हुने छः-

क) मौरीपालनसँग सम्बन्धित तथ्याङ्क/जानकारी,

ख) दर्ता हुने (मौरीपालक कृषक/फर्म/समूह/सहकारी/मौरी स्रोत केन्द्र/मह तथा मौरीजन्य उपजका विक्री तथा खरिदकर्ताहरु),

ग) मौरी चरनको स्थान, अवस्था, चरन उपलब्ध रहेको क्षेत्रफल, भारवहन क्षमता बारेको सूचना,

घ) मौरीपालन क्षेत्रमा नयाँ प्रविधि र कृषक फिल्डमा देखा परेका समस्याहरु र प्राविधिक सहजीकरण,

ङ) मौरीजन्य उपजहरु (मह, मैन, शाही खुराक, कुट, चोप आदि) र विभिन्न प्रकारका मौरी घारको नाप, साइज र मापदण्ड,

च) मौरीपालक व्यवसायीहरुको मौरीजन्य उपजहरुको उत्पादन अवस्था, सोको गुणस्तर, Market Outlets, उपभोक्ताको माग, बजारको अवस्था बारे सूचना,

छ) मौरीपालन व्यवसाय सञ्चालनका लागि आवश्यक कृषि सामग्री/उपकरणहरु उपलब्ध हुने स्रोत केन्द्र संचालकका विवरण, मौरी स्रोत केन्द्रको अवस्था, पाइने सामग्रीहरु, उपलब्ध सामाग्री/उपकरणहरुको मूल्य आदिको जानकारी,

ज) स्वदेश र विदेशमा भएका अनुसन्धानमूलक कार्यका नतिजाहरु र अन्य अभ्यासहरु,

झ) मह तथा मौरीजन्य उपजको निर्यात सहजीकरण सम्बन्धी सूचना तथा जानकारी,

ञ) मौरीजन्य मूल्य शृङ्खलाका अवयव सम्बन्धी आम जानकारीहरु ।

६.३ मौरी विकास केन्द्रले बिज्ञको परामर्श सहयोगबाट मौरी चरनको प्रचुर स्रोत भएका संभावित भौगोलिक क्षेत्र/जिल्लाहरुको मौरी चरनको नक्शा तथा चरन पात्रो बनाउनुका साथै अनुसूची-१ बमोजिम प्रति एकाई क्षेत्रफलमा मौरी गोलाको सिफारिस गर्न सक्ने छ ।

## ७. आर्थिक सञ्चालन प्रक्रिया

नेपाल सरकारको प्रचलित नियमानुसारका विधि अपनाई यस अनुसारका कृयाकलापहरु सञ्चालन गर्न सकिनेछ । यसका लागि वार्षिक स्वीकृत कार्यक्रम वजेटको परिधिमा रही लागत अनुमान गरी कार्य सञ्चालन गर्न सकिनेछ ।

सचिव

८. अपेक्षित उपलब्धि

८.१ नेपालको विभिन्न भौगोलिक क्षेत्रमा रहेको मौरी चरन स्रोतहरुको पहिचान तथा नक्शाङ्कन कार्य सम्पन्न भइ सो चरन स्रोतको भारवहन क्षमता समेत आँकलनबाट वर्तमान अवस्थामा देखिएको मौरीपालक व्यवसायी बिचको अस्वस्थ प्रतिस्पर्धामा कमी हुने छ ।

८.२ मौरीको लागि चरन स्रोत भारवहनको क्षमता अनुसार मौरी गोला स्थानान्तरण गर्दा स्रोतको उच्चतम सदुपयोग भइ मह र मौरीजन्य उपजहरुको उत्पादनमा बृद्धि हुनाका साथै प्रभावकारी रुपमा मौरीपालक व्यवसायीहरुलाई आबश्यक पर्ने प्रविधिहरु प्रसार हुने छ ।

८.३ उत्पादक र उपभोक्ता बिच मौरीजन्य उपजहरुको वजारीकरणमा समन्वय भई मौरीपालक व्यवसायीको मुनाफामा बृद्धि हुने ।

८.४ मौरीबाट पर्यावरणीय सेवा स्वरुप परागसेचन कार्य विस्तार भई बालीनालीको उत्पादन र उत्पादकत्व बृद्धि हुने साथै जैविक विविधता संरक्षण गर्न सहयोग पुग्ने ।

## च्याउसँग सम्बन्धित कार्यक्रम

## ८. कार्यक्रमको नामः च्याउ उत्पादक किसान संघ नेपाललाई राष्ट्रिय च्याउ मेला आयोजना सहयोग

१. परिचयः नेपालको भौगोलिक विविधताको उपयोग गरी अनुकूल मौसम र क्षेत्रमा उत्पादन गरिएको च्याउको बजारीकरण गरी न्यून आय भएका गरिब परिवारको आर्थिकस्तर उकास्न सकिने अवस्था प्रचुर मात्रामा देखिन्छ । थोरै लगानीबाट पनि यो व्यवसाय सञ्चालन गरी राम्रै आर्थिक लाभ लिन सकिने, न्यून आयस्रोत भएका सिमान्तकृत, भूमिहीन कृषक अन्य वनस्पतीहरुमा आश्रित भएर वा सडेगलेका वस्तुहरुमा भएका पौष्टिक तत्वहरु उपयोग गरेर व्यवसाय सञ्चालन गर्न सकिने कारणले च्याउको महत्व बढेको छ । च्याउको उत्पादन बढे पनि, च्याउ र यसका खाद्य परिकारको उचित बजार प्रवर्द्धन तथा जानकारीहरुको कमीले गर्दा च्याउ व्यवसाय राम्रोसँग फस्टाउन सकेको छैन । च्याउ व्यवसाय प्रवर्द्धन गर्न साथै च्याउ सेवनवाट हुने फाइदाहरु बारे आम उपभोक्तामा प्रचार-प्रसार गर्दै यसको महत्व बारे जानकारी गराउन र यसको बजार प्रवर्द्धन गर्नका लागि राष्ट्रिय च्याउ मेला कार्यक्रम सञ्चालन प्रक्रिया तयार गरिएको छ ।

२. उदेश्यः

२.१ कृषक, व्यवसायी तथा उद्यमीहरुलाई आफुले उत्पादन गरेको च्याउ र च्याउबाट उत्पादित परिकारहरुको स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न सहयोग गर्ने ।

२.२ च्याउको उपयोगिता र फाइदाहरु सम्बन्धी सूचना प्रवाह गरी अन्तर्राष्ट्रिय र आन्तरिक बजार विस्तारमा योगदान पुर्याउने ।

२.३ च्याउ खेती सम्बन्धी व्यवसायिक, वैज्ञानिक एवं नवीनतम प्रविधि तथा सूचनाहरुको आदान-प्रदान गर्न योगदान पुर्याउने ।

२.४ च्याउ खेतीमा आवद्ध कृषक, व्यवसायी, सेवा प्रदायक तथा उपभोक्ता लगायत सबै सरोकारवालाहरु बीच व्यवसायिक सम्बन्ध एवं सहकार्य स्थापना गर्न सहयोग पुर्याउने ।

३. लक्षित समूह

यस कार्यक्रमबाट प्रवाह हुने अनुदान सहयोग रकम किसान संघलाई उपलब्ध गराईनेछ । यस कार्यबाट सिर्जित लाभका लाभग्राही देहाय बमोजिम हुनेछन् ।

सचिव

३.१ च्याउ उत्पादक व्यवसायमा संलग्न कृषक, व्यवसायी, उद्यमी तथा अन्य सरोकारवालाहरु,

३.२ च्याउ व्यवसायसँग सम्बन्धित राष्ट्रिय, क्षेत्रीय तथा स्थानीयस्तरका संघ/संस्थाहरु, सरकारी र गैर सरकारी निकायहरु तथा च्याउ उपभोग गर्ने उपभोक्ताहरु ।

४. प्रमुख क्रियाकलापहरु

४.१ नेपालमा उत्पादित च्याउका प्रजातिहरुको प्रदर्शन तथा विक्रि वितरण,

४.२ च्याउ उत्पादनसँग सम्बन्धित सरोकारवालाहरु बीच प्रविधि प्रसारमूलक अन्तरक्रिया गोष्ठी सञ्चालन ,

४.३ च्याउका विभिन्न परिकारहरुको परिकार महोत्सव,

४.४ च्याउ उत्पादन सम्बन्धी नवीनतम् प्रविधिहरुको प्रदर्शनी,

४.५ उत्कृष्ट स्टलहरुको मुल्याङ्कन तथा पुरस्कार वितरण ।

५. अपेक्षित उपलब्धी

५.१ च्याउ उत्पादन तथा उत्पादकत्व वृद्धि हुने ।

५.२ च्याउ उत्पादन व्यवसाय सम्बन्धी राष्ट्रियस्तरमा जनचेतना फैलिने र रोजगारीका अवसर वृद्धि हुने ।

५.३ च्याउ उत्पादनसँग सम्बन्धित कृषक, सरोकारवाला र संघ संस्था बिच सहकार्य तथा समन्वय बढ्ने ।

५.४ च्याउ उत्पादन सम्बन्धी अनुसन्धानबाट आएका नयाँ तथ्य तथा प्राविधिक ज्ञानको प्रदर्शन भई प्रविधि प्रसारमा सघाउ पुग्ने ।

५.५ च्याउ उत्पादनसँग सम्बन्धित उत्पादन सामग्रीहरुको विक्री प्रवर्द्धन हुने ।

६. मेला सञ्चालन विधि

**क.** कार्यक्रम सञ्चालन हुने स्थान

राष्ट्रिय च्याउ मेला सञ्चालन को लागि च्याउ उत्पादक किसान संघ नेपालले काठमाडौं उपत्यका भित्र प्राविधिक, आर्थिक र भौगोलिक दृष्टिकोणले उपयुक्त स्थान छनौट गर्न सक्ने छ ।

**ख.** मेला सञ्चालनको लागि अनुदान प्रवाहको विधि

- राष्ट्रिय च्याउ मेला सञ्चालन सहयोगका लागि प्रचलित खरिद ऐन बमोजिम व्यावसायिक कीट विकास केन्द्र र च्याउ उत्पादक किसान संघ नेपाल बीच सम्झौता गरिनेछ र च्याउ उत्पादक किसान संघ नेपालको नाममा आर्थिक कारोबार गरिने छ ।
- व्यावसायिक कीट विकास केन्द्रवाट प्रदान गरिने अनुदान स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रदान गरिनेछ र उक्त अनुदान रकमको बिभिन्न शीर्षकमा देहाय बमोजिमको सीमा रहने छ र उक्त सीमा भन्दा बढी लाग्ने खर्च च्याउ उत्पादक किसान संघ नेपालको स्रोत मार्फत व्यवस्थापन गर्नुपर्ने छः

| खर्च हुने शीर्षक | इकाई | खर्च सीमा बढीमा (रु.) |
|---|---|---|
| स्टल निर्माण/भाडा | एकमुष्ठ | ५०,०००।० |
| मेला सञ्चालन गर्ने स्थान भाडा | एकमुष्ठ | ५०,०००।० |
| प्रचार-प्रसार | एकमुष्ठ | ५०,०००।० |
| गोष्ठी, सेमिनार, सांस्कृतिक कार्यक्रम | एकमुष्ठ | ५०,०००।० |



डा. गोविन्द प्रसाद शर्मा

| | | |
|---|---|---|
| प्रमाणपत्र, पुरस्कार | एकमुष्ठ | ५०,०००।० |
| स्वागत गेट र मञ्च निर्माण | एकमुष्ठ | ५०,०००।० |
| स्वयंसेवक परिचालन (खाजा/खाना) | एकमुष्ठ | ५०,०००।० |
| साउण्ड सिस्टम (जेनेरेटर सहित) | एकमुष्ठ | ५०,०००।० |

- आवश्यकता अनुसार मेला आयोजकले अन्य सरकारी/गैह्रसरकारी निकाय, संघ-संस्था आदिबाट सहयोग प्राप्त गर्न सक्नेछ तर एउटा शिर्षकमा लागेको लागत भन्दा बढी हुने गरी कुनै पनि निकायबाट सहयोग लिन पाइने छैन ।

**ग. मेला व्यवस्थापन**

- राष्ट्रिय च्याउ मेला च्याउ उत्पादक किसान संघ नेपाल र व्यवसायिक कीट विकास केन्द्रको संयुक्त आयोजनामा हुने छ र राष्ट्रिय च्याउ मेला आयोजनाको लागि सह-आयोजक र प्रायोजकहरु सहमतिमा निर्धारण गरिनेछ ।
- मेला आयोजकले मेला सञ्चालनको लागि आवश्यकता अनुसार मेला आयोजक समिति/उपसमिति गठन गर्न सकिने छ ।
- स्टलमा सहभागी हुने कृषक तथा व्यवसायीको छनौट पारदर्शी हुनुपर्ने छ जसमा विभिन्न प्रजातिका च्याउ, सानादेखि व्यवसायिक कृषक, मूल्य शृङ्खलाका सरोकारवालाहरु तथा अन्य सहभागीको छनौट सूचना प्रकाशन गरी निष्पक्ष ढंगमा गर्नुपर्ने छ ।

**घ. मेला सञ्चालनमा च्याउ उत्पादक किसान संघ नेपालको भूमिका**

- स्टलमा राखिने कृषक, व्यवसायी तथा उद्यमी छनौट,
- कृषकहरुको आतेजाते, सामान ढुवानी तथा सहभागीको अन्य व्यवस्थापन,
- मेला स्थल तथा स्टल सुरक्षा व्यवस्थापन,
- गोष्ठी सञ्चालन तथा व्यवस्थापन,
- मञ्च सजावट, सरसफाई तथा अन्य विविध क्रियाकलाप व्यवस्थापन,
- अतिथि व्यवस्थापन
- सांस्कृतिक कार्यक्रम सञ्चालन

**७. न्युनतम शर्त/मापदण्ड**

७.१ आयोजकले व्यावसायिक कीट विकास केन्द्रसँग सम्झौता हुनु अघि कार्यक्रममा हुने अनुमानित खर्चसहितको मेला आयोजना प्रस्ताव यस केन्द्रमा पेश गर्नुपर्ने छ ।

७.२ मेला आयोजकले च्याउ उत्पादक कृषकहरुलाई स्टल निशुल्क उपलब्ध गराउनु पर्ने छ र स्टलमा प्रदर्शन गर्ने कृषक/व्यवसायीहरुको मेला आयोजना स्थान सम्मको आतेजाते खर्च र सामान ढुवानी खर्चको व्यवस्थापन समेत महासंघ र सहकारी संघले गर्नुपर्ने छ ।

७.३ मेलामा राखिएका स्टलहरु मध्ये विभिन्न विधामा उत्कृष्ट स्टल वा प्रदर्शन छनौटका लागि व्यावसायिक कीट विकास केन्द्रका प्रतिनिधि सहितको मुल्यांकन उप समिति गठन गर्नुपर्नेछ र उक्त स्टललाई पुरस्कृत गर्नुपर्ने छ ।

७.४ व्यावसायिक कीट विकास केन्द्रले सम्झौताका शर्त बमोजिम मेला/महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्ने छ ।

७.५ यस कार्यक्रम बाट प्रवाह हुने अनुदान सहयोग रकम नेपाल सरकारको प्रचलित कानुन बमोजिम खर्च गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भइसके पश्चात अनुदान तर्फको शिर्षकमा खर्च भएको रकमको सक्कल बिल, भरपाई सहितको खर्च विवरण पेश भएपछि मात्र प्रचलित कानुन बमोजिम च्याउ उत्पादक किसान संघ नेपालको नाममा भुक्तानी हुने छ ।

७.६ मेला आयोजकले कार्यक्रम पूर्ण रुपले सम्पन्न भइसकेपछि कार्यक्रम सम्पन्न प्रतिवेदन व्यावसायिक कीट विकास केन्द्रमा पेश गर्नुपर्ने छ ।

## रेशमसँग सम्बन्धित कार्यक्रम

### ९. मूल्य शृङ्खलामा आधारित नमुना रेशम विकास कार्यक्रम सञ्चालन

१. **परिचयः** रेशम प्रवर्द्धनका लागि विगतमा सञ्चालन गर्दै आएको कार्यक्रमहरु जस्तैः किम्बु क्षेत्र विस्तार, बगैचा व्यवस्थापन र विसंक्रमण सामग्री सहयोगले मात्र कृषकहरुले उत्पादन गरेको कोकुनको बजार सुनिश्चतता नहुने र कोकुनको उचित मुल्य पनि प्राप्त गर्न नसकिने हुँदा कोकुन खरिद गरी रेशम धागो तथा यसबाट बन्ने उत्पादनहरु तयार गरी बजारीकरण गर्न व्यवसायीहरुलाई पनि प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । नेपालमा हाल दाङ्ग, नवलपुर र गोरखा लगायतका जिल्लामा क्लष्टर पद्धतिमा रेशम खेती प्रवर्द्धन गरिदै आएको छ । रेशम कीरापालन गर्ने कृषक संख्या घट्दै गई ज्यादै न्यून भएको अवस्थामा उद्यमी बन्ने सपना बोकेका कृषकहरुलाई प्रोत्साहन गर्न र बजारीकरणमा सहजीकरण गर्न यो कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । नेपालमा रेशम खेतीको विकासका लागि रेशम कीरापालन, कोकुन उत्पादन, भण्डारण प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित मूल्य शृङ्खला प्रवर्द्धनकर्ताहरुलाई समन्वय र सहजीकरण गरी उत्पादन र बजारीकरणमा देखिएको समस्या समाधान गर्न मूल्य श्रृंङ्खलामा आधारित नमुना रेशम विकास कार्यक्रम सञ्चालन गर्न कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

२. **उद्देश्यः** यस कार्यक्रमको उद्देश्यहरु निम्न अनुसार छन्:

२.१ मूल्य शृङ्खलामा संलग्न प्रि-कोकुन र पोष्ट कोकुन पात्रहरु (Pre-cocoon र Post-cocoon actors) बिचको समन्वयमा उचीत मुल्यमा कोकुनको विक्रि वितरणमा सहजिकरण गर्ने ।

२.२ रेशम खेतीमा क्लष्टर पद्धतिको प्रवर्द्धन गरी पोष्ट कोकुन पात्रहरुको (Post-cocoon actors) समस्या समाधान गरी बजारीकरणमा सहजीकरण गर्ने ।

२.३ रेशम कीरापालनमा कृषकहरुको समस्यामा आधारित स्थलगत प्राविधिक सेवा टेवा प्रदान गर्ने ।



सचिव

३. लक्षित समूह

रेशम मूल्य शृङ्खलासँग सम्बन्धित रेशम कृषक, प्रशोधक, व्यवसायी तथा उद्यमीहरु ।

४. प्रमुख क्रियाकलापहरु

यस कार्यक्रमबाट हाल कोकुन बजारीकरणमा देखिएको समस्या सम्बोधन गर्ने र क्लस्टरमा रहेका कृषकहरुलाई समस्यमा आधारित प्राविधिक सीप तथा तालिम प्रदान गर्न निम्न क्रियाकलापहरु सञ्चालन गरिने छः

४.१ कोकुनको बजारीकरण तथा प्रशोधनमा संलग्न उद्यमीलाई प्रोत्साहनको लागि पोष्ट कोकुन सेन्टर स्थापना गर्न औजार उपकरण, स्टोर हाउस मर्मत तथा निर्माणमा, रिलिङ् तथा धागो प्रशोधनमा प्रयोग हुने उपकरण खरिद आदि कार्यका लागि यस कार्यविधिको दफा ५ बमोजिम अनुदान प्रदान गरिनेछ ।

४.२ कार्यक्रम सञ्चालनको लागि रेशम कीरापालन सम्बन्धी ज्ञान भएको प्राविधकलाई करारमा लिई सो स्थानहरुमा रेशम कीरापालन गरिने सिजनमा खटाउन सकिने छ । किम्बु बगैचा व्यवस्थापन, कीरा घरको सरसफाई विसंक्रमण तथा कीरापालन प्रविधिमा प्राविधिकबाट प्रत्यक्ष रुपमा सीप सिकाईने छ। रेशम कीरापालन, कोकुन उत्पादन, कोकुन खरीद गरी रेशम धागो निकाल्ने क्लष्टरलाई आवश्यक उपकरण खरिदमा अनुदान प्रदान गरिने छ ।

४.३ यसरी स्थापना भएको सेन्टरले कम्तीमा गोरखा, नवलपुर र दाङ जिल्लाका कृषक/समूह/सहकारी/फर्म सँग Buy back Guarantee system का आधारमा करार संझौता गरी उचित मूल्यमा कोकुन खरिद गर्नुपर्ने छ।

४.४ कार्यक्रममा सहभागी हुन आवेदकले स्पष्ट रुपमा क्रियाकलापहरु र लागत अनुमान अनुसूची-४ बमोजिमको कार्ययोजनामा प्रविष्ट गर्नुपर्ने छ ।

५. अपेक्षित उपलब्धि

५.१ मूल्य शृङ्खलामा आधारित रेशम कीरापालन व्यवसायको विकास भई उत्पादन र बजारीकरणमा देखिएका समस्याहरुको समाधान हुने छ,

५.२ क्लष्टरमा रेशम खेती पद्धतिको विकास भई रेशम खेतीको क्षेत्र विस्तारमा सघाउ पुग्ने छ,

५.३ रेशम खेतीको मूल्य शृङ्खलामा आवद्ध पात्रहरु बीच आपसी सम्बन्ध सुदृढ भई नेपालमा रेशम खेतीको पुनर्जागरण हुने छ ।

६. कार्यक्रम सञ्चालन प्रकृया/विधि

मूल्य शृङ्खलामा आधारित नमुना रेशम विकास कार्यक्रम मार्फत रेशम खेती प्रवर्द्धन गर्ने फार्म/केन्द्र तथा कृषि समूह/सहकारी तथा नीजि उद्यमी/कम्पनीसँगको सहकार्यमा सञ्चालन गरिने छ । यस कार्यक्रम सञ्चालनको लागि देहायका विधिहरु लागु गरिने छः

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

६.१ प्रस्ताव आह्वानः

स्वीकृत कार्यक्रमको आधारमा कार्यक्रम सञ्चालनका लागि अनुसूची -२ अनुसारको सूचना जारी गरिने छ । कार्यक्रमलाई पारदर्शी र वृहत बनाउनको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा तिस दिनको म्याद दिई प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्ने छ । आवेदकले अनुसूची -३ बमोजिमको निवेदन र अनुसूची -४ बमोजिमको कार्ययोजना निर्माण गरी आवश्यक कागजात सहित कार्यालयमा तोकेको मितिभित्र आवेदन पेश गर्नुपर्ने छ ।

६.२ अनुदानग्राहीले पालना गर्नुपर्नेः

अनुदानग्राहीले यस कार्यक्रम सञ्चालन प्रकृया अनुसार सञ्चालन हुने कामको विवरण, लागत, सम्पन्न अवधि, अनुदान रकम सम्बन्धी विवरणसहितको होर्डिङ् बोर्ड कार्यक्रम सञ्चालन स्थलमा राख्ने व्यवस्था गर्नुपर्ने छ ।

६.३ प्रस्ताव मुल्याङ्कनः

प्राप्त प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन, स्थलगत प्रमाणीकरण, मेशिनरी उपकरणको स्पेशिफिकेसन तयारी लगायतको कामको र अन्तिम मुल्याङ्कन र प्रस्ताव छनौटको कार्य रेशम विकास केन्द्रले अनुसूची-५ बमोजिम गर्ने छ ।

६.४ **संझौता तथा भुक्तानीः** रेशम विकास केन्द्रले कार्यक्रम सञ्चालनका लागि छनौट भएका अनुदानग्राहीसँग नेपाल सरकारको प्रचलित कानुन बमोजिम संझौता गरी कार्यादेश दिई कार्यक्रम सञ्चालन गरी अनुदान रकम भुक्तानी गर्ने छ ।

## परिच्छेद -४
## अनुगमन तथा मुल्याङ्कन

१०. **अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः** (१) यस कार्यविधि अनुरुप सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, विभाग र केन्द्रबाट नियमित रुपमा हुने छ । आवश्यकता अनुसार प्रदेश र स्थानीय तहले समेत अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख/प्रतिवेदन अनुदानग्राहीले सुरक्षित राख्नु पर्ने छ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुने छ ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको कार्यक्रम सञ्चालनको लेखा रुजु गर्न सक्नेछ र यस सम्बन्धी हिसाब देखाउने दायित्व अनुदानग्राहीको हुने छ ।

## परिच्छेद - ५
## विविध

११. **कारवाहीको व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम अनुदान रकम लिई सम्झौता अनुरुप कार्य नगरेमा वा गुणस्तरीय कार्य सम्पादन नगरेमा त्यस्ता अनुदानग्राहीको अनुदान रकम रोक्का गर्न सकिने छ ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाब नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरिने छ ।



सचिव

१२. **प्रचलित कानून लागू हुनेः** यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने छ । यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुने छ ।

१३. **संशोधन र खारेजीः** कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यकता अनुसार यस कार्यक्रम कार्यन्वयन कार्यविधिको संशोधन, परिमार्जन वा खारेजी गर्नसक्ने छ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-१

## प्रति एकाइ चरन क्षेत्रफलमा सिफारिस गरिने मौरी गोला हिसाब गर्ने विधि

The honeybees required per unit crop area Pollination ecology emphasizes maximization of pollination and optimization of forager's strength for successful crop pollination and productivity in the modern agriculture system.

N=d/PE X Y/T X a (Sihag, 2000)

Where,

Nos. pollinators Required = Floral longevity/receptivity X Average floral density X Cropped area
Pollinating efficiency Avg. foraging duration

Example-1: Honeybee colonies needed for buckwheat pollination

N=d/PE X Y/T x a

= 28daysX 40000 flowers/m2 X 1 ha = 1120000 = 14755 foragers/ha
12 flowers/min 6 hours/day 72

If a honeybee colony consists around 20,000 workers with 25% foragers ie 5000 /colony.

N= 14755 = 2.9 colonies (2-3 colonies recommended/ha)
5000

The number can be reduced from calculating the intra species and inter species competition. Example-2: Apple required at least one strong colony/ha. )

सचिव

## अनुसूची-२

### प्रस्ताव आव्हानको लागि सूचनाको नमुना

सूचना ! सूचना !! सूचना !!!

यस कार्यालयको आ.व. २०............. को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत मुल्य शृङ्खलामा आधारित नमुना रेशम विकास कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक/नीजि उद्यमी/कृषक समूह/सहकारी/फर्म/कम्पनीबाट प्रस्तावका लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र रेशम विकास केन्द्रमा तपसिल बमोजिमका कागजातहरु संलग्न गरी आवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

१) अनुसूची-२ अनुसारको आवेदन फारम ।

२) अनुसूची - ३ अनुसारको संक्षिप्त कार्ययोजना ।

३) नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

४) समूह/सहकारी/फर्म कम्पनी दर्ता तथा नविकरण भएको प्रमाण-पत्र ।

५) प्यान/भ्याटमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि ।

६) अघिल्लो आर्थिक बर्षको करचुक्ता प्रमाण-पत्र ।

७) समूह/सहकारी/कम्पनी फर्मको अनुदान माग लगायतको निर्णय प्रतिलिपि ।

केन्द्रले आवश्यकता अनुरुप थप विवरण समावेश गरी सूचना प्रकाशन गर्न सक्नेछ ।

अनुसूची-३

आवेदन-पत्रको ढाँचा

विषयः नमुना रेशम विकास कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराउने सम्बन्धमा ।

श्रीमान ..................,

..................................... ।

तहाँ केन्द्रवाट मिति ........................................ मा प्रकाशित सूचना अनुसार .................................. कार्यक्रममा सहभागी हुन ईच्छुक रहेकोले कार्यक्रममा सहभागी गराई अनुदान रु. ..................... अक्षेरुपी ............................................. उपलव्ध गराईदिनुहुन अनुरोध छ ।

तपसिल

१) अनुसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना ।

२) नेपाली नागरीकताको प्रमाण-पत्रको प्रतिलिपि ।

३) समूह/सहकारी/फर्म कम्पनी दर्ता तथा नविकरण भएको प्रमाण-पत्र।

४) समूह सहकारी तथा कम्पनी फर्मको अनुदान माग लगायतको निर्णय प्रतिलिपि ।

५) प्यान/भ्याट मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि ।

६) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र ।

७) अन्य ।

केन्द्रले आवश्यकता अनुरुप थप विवरण समावेश गरी सूचना प्रकाशन गर्न सक्ने छ ।

सचिव

अनुसूची-४

कार्ययोजनाको ढाँचा

आवेदकको नाम र ठेगाना :

मुल्य शृङ्खलाको एक्टर :१. प्रि कोकुन (रेशम कीरापालक कृषक)..............

२. पोस्ट कोकुन (कोकुन खरिदकर्ता तथा प्रशोधन कर्ता)..............

| क्र.श | विवरण | आवेदकको विवरण | कैफियत |
|---|---|---|---|
| १ | आवेदकको परिचय, अनुभव तथा हाल गरेको क्रियाकलापहरु | •<br>•<br>• | |
| २ | आवेदकको समस्या | •<br>• | |
| ३ | कार्यक्रम मागको आवश्यकता | •<br>• | |
| ४ | कार्यक्रमको उद्धेश्य | •<br>• | |
| ५ | प्रस्तावित व्यवसायको सार संक्षेप | •<br>• | |
| ६ | प्रस्तावित कार्यक्रमका क्रियाकलपहरु (अनुदान माग गरिएका सेवा तथा सामग्रीहरु) | •<br>•<br>•<br>•<br>• | |
| ७ | जम्मा लागत रकम रु. | | |
| ८ | अनुदान माग रकम रु. | | |
| ९ | अपेक्षित प्रतिफल तथा उपलब्धीहरु | •<br>• | |
| १० | लाभान्वित संख्या | • | |

कार्यक्रम लागत अनुमानः

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची - ५

### प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्र. सं. | आवेदकको नाम | ठेगाना | मूल्याङ्कनका आधारहरु | | | | जम्मा प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|
| | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव, तालिम (३०) | पेश गरेको कार्ययोजना (४०) | व्यवसायको सम्भाव्यता (१५) | लक्षित वर्ग (१५) | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

सचिव